प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त

# विकास

www.bikaskhabar.com
खबरपत्रिका साप्ताहिक

विकास खबरपत्रिका राष्ट्रिय साप्ताहिक



कार्यालय:
थाहा नगरपालिका-८
मकवानपुर
सम्पर्क नं.
९८०७१५३३००
इमेल:
bikaskhabar@gmail.com





● मकवानपुर, वर्ष-१४, ● अंक-१८ ● २०७८ कार्तिक २९ गते सोमबार, ● 15 Nov. 2021, ● नेपाल सम्वत्-११४२, ● पृष्ठ-६, ● मूल्य रु. १०/-

## थाहानगरमा ५२ गणक

◆ विकास संवाददाता

मकवानपुर थाहा नगरपालिकामा जनगणनाको लागि ५२ गणक खटिने भएका छन् । स्थानीय जनगणना कार्यालय थाहानगर शिखरकोट मार्फत उनीहरू जनगणनाको लागि खटिने भएका हुन् । थाहानगरका १२ वटै वडामा कम्तिमा ३ देखि ५ जनासम्म गणक खटिनेछन् ।

स्थानीय जनगणना अधिकारी उमेश श्रेष्ठका अनुसार-वडा नम्बर १ मा ४ जना गणक, २ मा ४, ३ मा ५, ४ मा ४, ५ मा ४, ६ मा ५, ७ मा ५, ८ मा ४, ९ मा ४, १० मा ३, ११ मा ५ र १२ मा ५ जना गणक खटिने छन् । गणकहरूले २५ कात्तिक विहानैबाट जनगणना कार्य शुरू गर्ने श्रेष्ठले जानकारी दिए ।

गणकहरूलाई १३ कात्तिक देखि १६ कात्तिकसम्म गणकहरूलाई तालिम दिइएको थियो । तालिम समापनसंगै उनीहरूलाई मुख्य प्रश्नावली समेत दिइएको छ । जनगणनालाई व्यवस्थित बनाउनका लागि १४ जना गणक निरीक्षक खटिएका छन् ।

हरेक १० वर्षमा सञ्चालन सञ्चालन गरिने राष्ट्रिय जनगणनाको यो १२औँ शत्ला हो । यो गणना आगामी मङ्सिर ९ गतेसम्म जारी रहने छ । जनगणनाको पहिलो चरणमा घर तथा घरपरिवार सूचीकरण यसअघि नै भइसकेको छ । सूचीकृत भइसकेका र कुनै कारणले छुटेकासमेत सबै परिवारमा गणक पुगी १५ दिनभित्र सबै व्यक्तिको विस्तृत विवरण संकलन गर्ने देशभर करिब ४० हजार गणक र आठ हजार ५०० सुपरीवेक्षक परिचालन गरिएको छ ।

### चित्लाङ-थानकोट सडक

# अर्थमन्त्रीको अभिव्यक्ति 'खेदजनक'

विकास संवाददाता
थाहानगर

नेपाल सरकारका अर्थमन्त्री जनार्दन शर्माले चित्लाङ-चन्द्रागिरी-थानकोट सडक (गणेशमान सिं मार्ग) खण्डमा भइरहेको 'ढुङ्गा व्यापार' तत्काल बन्द गर्ने सम्बन्धमा दिएको अभिव्यक्तिप्रति स्थानीय सडक निर्माण सरोकार समितिले आपत्ति जनाएको छ । शर्माको सो भनाइ आपत्तिजनक मात्र नभई पूर्वाग्रही, संकीर्ण, जनभावनाविपरित, गैरजिम्मेवारपूर्ण, कानुन र वास्तविकता नबुझी गरिएको खेदजनक अभिव्यक्ति भएको समितिले विज्ञप्तीमार्फत् जनाएको छ ।

स्थानीय जनताको तर्फबाट गठन भएको चित्लाङ-चन्द्रागिरी-थानकोट सडक निर्माण सरोकार समितिले २३ कात्तिकमा एक विज्ञप्ती प्रकाशित गर्दै अर्थमन्त्री शर्माको सो अभिव्यक्ति छोटो दुरीको मार्गको प्रगति र कामलाई अवरूद्ध गर्ने नियतबाट कसैको उक्साहटस्वरूप बाहिर आएको जनाएको छ । यसले 'अर्थमन्त्रीजस्तो गरिमामय पदीय दायित्वमा रहेको मन्त्री'बाट आएको अभिव्यक्ति आपत्तिजनक रहेको समितिले विज्ञप्तीमार्फत् जनाएको छ ।

अर्थमन्त्री शर्माले गत १९ कात्तिकमा आयोजित एक पर्वविशेष कार्यक्रममा बोल्दै 'चित्लाङ-थानकोट सडकमा ढुङ्गाको व्यापार' भइरहेको सुनेको र तत्काल बन्द गर्ने बताएका थिए ।

'व्यापार' जस्तो शब्दको प्रयोग गरेर सडक निर्माणको क्रममा ढुङ्गा निकाल्न बन्द गराउने र सडक नै बनाउन नदिने अर्थमन्त्रीको नियत रहेको सडक सरोकार समितिले ठहर गरेको छ । विज्ञप्ती प्रकाशनपछि थाहाटाइम्ससँग कुरा गर्दै सरोकार समितिका सदस्य रामशरण नेपालले भने, 'जहाँ खन्यो त्यहीँ ढुङ्गा निस्किन्छ, त्यसरी निस्किएको ढुङ्गाको बैज्ञानिक व्यवस्थापन नगरिए सडक कसरी बन्छ ?'

सडक निर्माणको क्रममा निस्किएको ढुङ्गाको विषयमा सरकारले नै व्यवस्थापनको जिम्मा लिएकाले यसबारे सरकारकै मन्त्रीबाट व्यापारीकरणको कुरा आउनु आपत्तिजनक र पूर्वाग्रही हुनुका साथै अस्वभाविकसमेत भएको सरोकार समितिका अभियन्ता नेपालको भनाइ छ । विज्ञप्तीमै भनिएको छ- 'सडक निर्माणको क्रममा निस्किएको ढुङ्गा चोरी-निकासी भइरहेको सन्दर्भमा तत्कालीन जिल्ला वन कार्यालयबाट चोरी निकासी रोक्न, वन/वातावरण जोगाउन र नियमन गरी ढुङ्गाको बैज्ञानिक व्यवस्थापन गर्न लिलाम विक्री गर्नेगरी भएको निर्णय र सो निर्णय कार्यान्वयन सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत अन्य निकायहरूमा परेको उजुरी र ती निकायहरूबाट प्राप्त स्वीकृती र सहमति बमोजिम नेपालको कानुन र नियमानुसार लिलाम स्वीकृत भएको हो ।'

२०७० सालमा संविधान सभा सदस्य निर्वाचनमा विजय हासिल गरेपछि संविधान सभा सदस्य सुभाषचन्द्र ठकुरीको पहलमा चित्लाङ-चन्द्रागिरी-थानकोट सडकको वातावरणीय प्रभाव मूल्याङ्न तथा विस्तृत परियोजना प्रतिवेदन तयार भएको थियो । सोबमोजिम राष्ट्रिय योजना आयोगले योजनामा समावेश गरेपछि सो सडक निर्माणको जिम्मेवारी सडक विभागमा आएको थियो । सडक विभागले सो बहुवर्षीय योजना सम्पन्न गर्न छुट्टै आयोजना कार्यालय स्थापना गरेको थियो । बहुवर्षीय योजना अन्तर्गत् २०७४/०७५ बाट

... बाँकी पेज ५ मा

## सडक निर्माण सरोकार समिति विस्तार

चित्लाङ-चन्द्रागिरी-थानकोट सडक निर्माण सरोकार समिति विस्तार गरिएको छ । प्रदेश सभा सदस्य रमा आलेमगर संयोजकत्वको सरोकार समितिलाई ९ सदस्यीयबाट ३७ सदस्यीय बनाइएको हो ।

चित्लाङ थानकोट सडकअन्तर्गत् थानकोट-चन्द्रागिरी खण्डको ठेक्काको म्याद आगामी चैतबाट सकिने र सो अवधिमा गर्नुपर्ने काम 'धेरै' भएको भन्दै समिति विस्तार गरिएको हो । यसअघि समितिमा संयोजक मगर, सदस्यहरू रामशरण नेपाल, बिनोद बस्नेत, दिपक गोपाली, सुनिल गुरूङ, बिजय बस्नेत लगायत ९ जना रहेकोमा २२ कात्तिकमा बसेको समितिको बिस्तारित बैठकले २८ जना सदस्य थप गरी ३७ पुऱ्याएको हो ।

थपिएका सदस्यहरूमा बुद्धरत्न मानन्धर, दिलिप बलामी, राजन बस्नेत (पौवा), परशुराम बस्नेत, युवराज श्रेष्ठ, मनोजकृष्ण श्रेष्ठ गमाल, दिनेश बिडारी, रमेश बिडारी, जीवन गमाल, सुदर्शन लामिछाने, रामकृष्ण बस्नेत, कुमार बस्नेत, अजय बस्नेत, मोहनकाजी श्रेष्ठ, निरन लामा लगायत रहेको सरोकार समितिका सदस्य रामशरण नेपाललाई जानकारी दिए ।







# • सम्पादकीय •

## आत्महत्या रोकथामको प्रयास आवश्यक

हरेक वर्ष आत्महत्या रोकथाम दिवस मनाइन्छ । यो दिवस १० सेप्टेम्बरका दिन विश्वभर मनाइने गरिनछ । यो वर्ष पनि 'कार्यमार्फत आशाको सिर्जना' भन्ने नारा अघि सारेर मनाइएको छ । यो दिवस मनाउनुको उद्देश्य आत्महत्या रोकथामका लागि आमरुपमा सचेतना अभिबृद्धि गर्ने तथा प्रभावकारी काम गर्न सरोकारवालाको ध्यानाकृष्ट गर्नु हो । सन् २००३ देखि विश्वभर मनाउन शुरु गरिएको यो दिवस अहिले संसारका लगभग सबै देशमा मनाइन्छ । सन् २००३ मा पहिलो आत्महत्या रोकथाम दिवस मनाउँदा विश्व स्वास्थ्य संगठनले आत्महत्यालाई रोक्न सकिन्छ भन्ने नारा दिएको थियो । आत्महत्याका सन्दर्भमा विश्व स्वास्थ्य संगठनले देखाउने गरेका तथ्यांक भयावह छन् । विश्वमा प्रतिवर्ष अन्दाजी सात लाख मानिसले आत्महत्या गर्छन् । प्रत्येक ४० सेकेण्डमा विश्वमा एउटा आत्महत्याको घटना हुने गरेको तथ्यांकले देखाउँछन् । एकजनाले आत्महत्या गरिरहँदा आत्महत्याको प्रयास गर्ने २५ जना हुन्छन् भने एकजनाको आत्महत्याबाट एक सय ३५ जना प्रभावित हुन्छन् । विश्वमा मानिस मर्ने अनेक कारणहरूमध्ये आत्महत्या प्रमुख १५ औं कारणमा पर्छ । नेपालकै तथ्यांक हेर्दा पनि स्थिति चिन्ताजनक नै छ । वर्षेनि करिब पाँच हजारले आत्महत्याका कारण ज्यान गुमाउँछन् । यस हिसाबले दैनिक औसत ११/१२ जनाले आत्महत्या गर्छन् । यो संख्या बढ्दो क्रममा रहेको छ ।

विश्वमा सबैभन्दा बढी आत्महत्या गर्ने मुलुकमध्ये नेपाल आठौं मुलुकमा पर्दोरहेछ । नेपाल प्रहरीको तथ्यांकअनुसार आर्थिक वर्ष २०७३/०७४ मा पाँच हजार एक सय २४ जनाले आत्महत्या गरेका थिए भने आर्थिक वर्ष २०७४/०७५ मा पाँच हजार तीन सय १७ ले आत्महत्या गरेका थिए । त्यस्तै आर्थिक वर्ष २०७५/०७६ मा आत्महत्या गर्नेको संख्या पाँच हजार सात सय ५४ जना थियो भने आर्थिक वर्ष २०७६/०७७ मा यो संख्या छ हजार दुई सय ४१ जना थियो । गत आर्थिक वर्ष २०७७/७८ मा सात हजार एक सय १७ जनाको मृत्यु आत्महत्याबाट भएको छ । यो निकै ठूलो आँकडा हो । आत्महत्या गर्नेहरुको उमेर संख्या हेर्ने हो भने बालबालिकादेखि प्रौढसम्म पर्दछन् । त्यस्तै आत्महत्या जुनसुकै समुदाय र आर्थिक अवस्थामा रहेका ब्यक्तिहरुले गरेको देखिन्छ । मान्छेले आत्महत्या किन गर्छन् ? यकिन कारण भन्न नसकिए पनि पारिवारिक कलह, गरिबी, प्रेममा धोका, व्यावसायिक असफलता, आर्थिक लेनदेन, मानसिक रोग, उदासीनता, लागूऔषधको प्रयोग दीर्घरोग, हिंसालगायतका कारणले आत्महत्या गरेको देखिने गरेको छ । आर्थिक, सामाजिक कारणले कैयौंले आत्महत्याको दुःखद बाटो समातेका छन् । त्यस्तै कोभिड–१९ ले निम्त्याएको आर्थिक असुरक्षा, स्वास्थ्य तथा सामाजिकलगायतका समस्याले व्यक्तिलाई आत्महत्यातर्फ धकेलेको विश्लेषण पनि हुने गरेको छ ।

आत्महत्याको प्रयास अथवा आत्महत्या नै गर्नेमध्ये ९५ प्रतिशत व्यक्तिलाई कुनै न कुनै किसिमको मानसिक समस्या हुन्छ भन्ने कुरा अध्ययनहरूले देखाउने गरेका छन् । त्यसमध्ये धेरैजसो व्यक्तिहरूमा आत्महत्याको कारण उदासीनता वा डिप्रेसन हुने गर्दछ । बाँकी पाँच प्रतिशत व्यक्ति भने कहिलेकाहीँ एक्कासी तनावपूर्ण अवस्थामा पनि आत्महत्याको प्रयास गर्दछन् । आत्महत्या रोकथामको चर्चा गरिरहँदा यी सबै पक्षहरुमा व्यापक बहस हुनु जरुरी छ । त्यस्तै आत्महत्या रोकथामका लागि तत्काल यसलाई अपराधको रुपमा हेरेर मात्र सम्भव छैन । आत्महत्या व्यक्ति स्वयंका कारणले मात्र होइन, सामाजिक, शारीरिक तथा मानसिक समस्याले निम्त्याउँछ भन्ने कुरा सबैले मनन गर्नु जरुरी छ । आत्महत्या रोकथामका लागि मानसिक स्वास्थ्यलाई प्राथमिकतामा राखेर काम गर्नु पनि उत्तिकै जरुरी छ ।


### थाहा नगरपालिकाको शिखरकोट काउण्टरबाट दिवा बस सेवा

| | | |
|---|---|---|
| विहान | ६:१५ | बजे काठमाण्डौ (हाइस) |
| विहान | ६:१५ | बजे हेटौंडा (फोर्स) |
| विहान | ७:१५ | बजे काठमाण्डौ (बस) |
| विहान | ८:00 | बजे हेटौंडा (बस) |
| विहान | ८:१५ | बजे सिमभन्ज्याङ हुँदै काडमाण्डौ (फोर्स) |
| विहान | ९: 00 | बजे काठमाण्डौ (मिनीबस) |
| विहान | ९:00 | बजे हेटौंडा जम्बो हाइस |
| विहान | ९:४५ | बजे काठमाण्डौ फोर्स |
| विहान | १0:१५ | बजे मार्खु, पालुङ हुँदै हेटौंडा (मिनीबर्स) |
| विहान | १0:१५ | बजे काठमाण्डौ(फोर्स) |
| विहान | १0:३0 | बजे हेटौंडा (फोर्स) |
| विहान | ११:१५ | बजे काठमाण्डौ (मिनिबस) |
| विहान | १२:३0 | बजे हेटौंडा (बर्स) |
| मध्यान्ह | १२:३0 | बजे काठमाण्डौ (बस) |
| मध्यान्ह | १:३0 | बजे हेटौंडा (मिनीबस) |
| दिउँसो | १:३0 | बजे पालुङ गोगने पकने (मिनीबस) |
| दिउँसो | १:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | २:३0 | बजे काठमाण्डौ (फोर्स) |
| दिउँसो | ३:00 | बजे पालुङबाट मार्खु (बस) |
| दिउँसो | ३:३0 | बजे पालुङबाट काठमाण्डौं (बस) |

*थप जानकारीको लागि नारायणी यातायात दिवा बस सेवा तथा टिकट काउण्टर दामन शिखरकोट इन्चार्ज अरुण लामा ९८५५०७२३२२ र नरेन्द्र अधिकारी ९८५५०७०५६१*


### महत्वपुर्ण टेलिफोन नम्बरहरू

| | |
|---|---|
| पालुङ एम्बुलेन्स (चालक) | ९८१४२०७४०१ |
| आग्रा एम्बुलेन्स (चालक) | ९८६०२२३७५५ |
| जनकल्याण उच्च मा.वि. | ०५७-६२०३६४ |
| थाहा नगरपालिका कार्यालय | ०५७-४०००५६ |
| मत्स्यनारायण मा.वि. | ०५७-६२०५१२ |
| ईप्रका पालुङ (प्रमुख) | ९८५५०६९४९९ |
| प्रहरी चौकी फाखेल | ०५७-६९२५१८ |
| जिल्ला प्रशासन मकवानपुर | ०५७-५२०३८८ |
| विद्युत प्राधिकरण पालुङ | ०५७-४०००२९ |

# स्थानीय तहमा बढ्दो बेरूजुको संकेत



**रूपनारायण खतिवडा**

*सबैभन्दा बढी बेरुजु प्रदेश नं. २ का स्थानीय तहमा १० प्रतिशतभन्दा माथि रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशका स्थानीय तहमा ३ प्रतिशत हाराहारी रहेको छ । संघ र प्रदेश सरकारका निकायहरुमा लेखापरीक्षणको तुलनामा ३ प्रतिशतभन्दा कम रकम बेरुजु देखिएको भए तापनि स्थानीय तहका हकमा बेरुजुको यो हिस्सा निकै उच्च रहेको देखिन्छ ।*

नेपालको सर्वोच्च लेखापरीक्षण संस्था महालेखा परीक्षकको कार्यालयले आफ्नो ५८ औं वार्षिक प्रतिवेदन केही दिनअघि राष्ट्रपतिसमक्ष पेस गरेको छ । आर्थिक वर्ष २०७६/०७७ मा संघ, प्रदेश, स्थानीय तहलगायत तोकिएका अन्य निकायहरूमा भएको आर्थिक कारोबारको अन्तिम लेखापरीक्षण सम्पन्न गरी संवैधानिक प्रावधानअनुरूप कार्यालयले उक्त प्रतिवेदन प्रस्तुत गरेको हो ।

प्रतिवेदनमा उल्लेख भएअनुसार विगत वर्षहरूमा झैं यस वर्ष पनि नेपालका स्थानीय तहमा बेरूजुको भार राम्रैसँग थपिएको छ । स्थानीय तहहरूमा बर्सेनि बढिरहेको बेरूजुको आकारले प्रचलित कानुनको पालना नगरी सरकारी कोषको रकम खर्च गर्ने प्रवृत्ति अनियन्त्रित बन्दै गएको र आर्थिक अनुशासनहीनता भयावह रूपमा फैलिन थालेको चुनौतीपूर्ण संकेत गरेको छ ।

महालेखा परीक्षकद्वारा देशका ७ सय ५३ स्थानीय तहमध्ये विभिन्न ६ सय ९९ स्थानीय तहहरूले आर्थिक वर्ष २०७६/०७७ मा गरेको कुल खर्च ८ खर्ब १५ अर्ब ५९ करोडको अन्तिम लेखापरीक्षण सम्पन्न गरी प्रतिवेदन तयार गरिएको हो । सो आर्थिक वर्षमा स्थानीय तहमा भएको उक्त खर्चमध्ये लेखापरीक्षणबाट ४० अर्ब ८३ करोड अर्थात् ५ प्रतिशत रकम बेरूजु देखिएको छ ।

प्रतिवेदनमा उल्लेख भएअनुसार लेखापरीक्षणको तुलनामा सबैभन्दा बढी बेरूजु प्रदेश नं. २ का स्थानीय तहमा १० प्रतिशतभन्दा माथि रहेको छ भने सबैभन्दा कम गण्डकी प्रदेशका स्थानीय तहमा ३ प्रतिशत हाराहारी रहेको छ । संघ र प्रदेश सरकारका निकायहरूमा लेखापरीक्षणको तुलनामा ३ प्रतिशतभन्दा कम रकम बेरूजु देखिएको भए तापनि स्थानीय तहका हकमा बेरूजुको यो हिस्सा निकै उच्च रहेको देखिन्छ ।

महालेखा परीक्षकको अन्ठाउन्नौं वार्षिक प्रतिवेदनमा उल्लेख भएअनुसार लेखापरीक्षणका क्रममा स्थानीय तहहरूमा आर्थिक अनुशासनहीनताका विभिन्न रूपहरू देखा परेका छन् । कानुनद्वारा निर्धारित समयमा वार्षिक बजेट पेस तथा पारित नै नगरी खर्च गर्ने, ठूलो संख्यामा टुक्रे योजनाहरू सञ्चालन गर्ने, कतिपय स्थानीय तहले वार्षिक विनियोजित बजेटको सीमा नाघी खर्च गर्नेजस्ता बजेट अनुशासनविपरीतका कैफियतहरू लेखापरीक्षणको क्रममा देखिएका छन् ।

सम्पत्ति कर, व्यवसाय कर तथा बहाल ठेक्का सम्झौताअनुसारका अन्य करहरू असुल नगर्ने, विभिन्न कारण देखाई राजस्व छुट दिने जस्ता राजस्व प्रशासनसम्बद्ध कमजोरीहरू प्रतिवेदनले उजागर गरेको छ । हेभी मेसिनरी प्रयोग हुने तथा भवन, पुल, विद्युतीकरणजस्ता जटिल प्राविधिक पक्ष समावेश हुने प्रकृतिका योजनाहरूसमेत कानुन विपरित उपभोक्ता समितिमार्फत गराएको, उपभोक्ता समितिमार्फत कार्य गराउँदा उपभोक्ता अंश कट्टी नगरी भुक्तानी दिएको जस्ता तथ्यहरू उक्त प्रतिवेदनमा औंल्याइएको छ ।

संगठन तथा व्यवस्थापन सर्वेक्षण नगरी विभिन्न पदमा करारमा कर्मचारी राख्ने, स्थानीय तहका पदाधिकारी तथा सदस्यको सुविधासम्बन्धी ऐनविपरीत जनप्रतिनिधिहरूले पोसाक सुविधा, तोकिएको भन्दा बढी मासिक सुविधा, सञ्चार सुविधा, घरभाडा, यातायात, इन्धनलगायतका सुविधा एवं स्वकीय सचिव र सल्लाहकार नियुक्ति गरी पारिश्रमिक दिने, कानुनमा व्यवस्था नभएको बैठक भत्ता भुक्तानी लिनेजस्ता बेरूजुहरू पनि महालेखाको प्रतिवेदनले औंल्याएको छ ।

> सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत लाभग्राहीलाई वितरण गरिने भत्तामा अनियमितता गर्ने, पुँजीगत बजेटबाट चालू प्रकृतिका कार्यमा खर्च गर्ने, ठूलो आकारमा अनुत्पादक तथा वितरणमुखी खर्च गर्ने जस्ता आर्थिक विकृतिहरू अधिकांश स्थानीय तहमा देखिएका छन् । यस खालका प्रचलित कानुनविपरीतका गलत क्रियाकलापहरू नियन्त्रण गर्न नसक्दा स्थानीय तहमा बेरुजु वृद्धि भइरहेको महालेखाको प्रतिवेदनबाट देखिन्छ ।

सामाजिक सुरक्षा कार्यक्रमअन्तर्गत लाभग्राहीलाई वितरण गरिने भत्तामा अनियमितता गर्ने, पुँजीगत बजेटबाट चालू प्रकृतिका कार्यमा खर्च गर्ने, ठूलो आकारमा अनुत्पादक तथा वितरणमुखी खर्च गर्ने जस्ता आर्थिक विकृतिहरू अधिकांश स्थानीय तहमा देखिएका छन् । यस खालका प्रचलित कानुनविपरीतका गलत क्रियाकलापहरू नियन्त्रण गर्न नसक्दा स्थानीय तहमा बेरूजु वृद्धि भइरहेको महालेखाको प्रतिवेदनबाट देखिन्छ ।

स्थानीय तहमा यस किसिमको बेरूजुको भार थपिँदै जानुमा विभिन्न कारणहरू जिम्मेवार रहेका छन् । महालेखा परीक्षकले लेखापरीक्षण गर्ने र प्रतिवेदन प्रस्तुत गर्ने विषयलाई अधिकांश स्थानीय तहले नियमित औपचारिकताका रूपमा मात्र लिने परिपाटी व्याप्त रहेको छ । स्थानीय तह गठन भएयताका केही वर्षहरूको लेखापरीक्षण प्रतिवेदनमा उल्लेख भएका विवरणहरू हेर्ने हो भने यसको सहजै पुष्टि गर्न सकिन्छ । विगत वर्षहरूमा लेखापरीक्षणबाट औंल्याइसकिएका एउटै कार्यप्रकृतिका बेरूजुहरू हरेक वर्ष ठूलो अंशमा पुनरावृत्ति भइरहेका छन् ।

आन्तरिक नियन्त्रण प्रणालीलाई चुस्त बनाउँदै महालेखाको प्रतिवेदनमार्फत सार्वजनिक भएका र लेखापरीक्षणका क्रममा दिइएका सुझावहरूलाई शिरोधार्य गर्ने हो भने यस किसिमको स्थिति दोहोरिने अवस्था नै रहन्न ।

यसविपरीत स्थानीय तहमा देखिएको ठूलो मात्राको बेरूजुको अवस्थाले वित्तीय जवाफदेहिता र पार दर्शिताको माध्यमबाट वित्तीय सुशासन कायम गर्ने सन्दर्भमा ती तहहरू अप्रभावकारी बनिरहेको चित्रण गरेको छ । यो स्थिति भनेको सार्वजनिक वित्तीय व्यवस्थापनको विश्वसनीयतामा ह्रास आउनु र स्थानीय सरकारप्रतिको नागरिक भरोसा एवं विश्वासमाथि तुसारापात हुनु पनि हो ।

नेपालको नवीन शासकीय पद्धतिका रूपमा रहेको संघात्मक शासन व्यवस्थाको कार्यान्वयनसँगै ठूलो मात्राको स्रोत स्थानीय तहतर्फ विकेन्द्रित भइरहेको छ । संघीय सरकारबाट प्राप्त हुने अनुदान र राजस्व बाँडफाँडका साथै स्थानीय तहले संकलन गर्ने राजस्व एवं लिन सक्ने आन्तरिक ऋणसमेतबाट ती तहमा ठूलै आकारको स्रोत परिचालित भइरहेको छ ।

तथापि उपलब्ध स्रोतको उच्चतम सदुपयोग गर्दै स्थानीय तहका फराकिला विषयगत अधिकारहरूलाई सफलतापूर्वक कार्यान्वयन गरी दूरदराजका नागरिकहरूलाई संघीयताको वास्तविक अनुभूति गराउने सन्दर्भमा ती तहमा देखिएको बेरूजुको उच्च मात्राले चुनौती खडा भइरहेको देखिन्छ ।

यो अवस्थालाई अन्त्य गर्नका लागि आर्थिक कारोबारमा कानुनी व्यवस्थाको पूर्ण परिपालना गरी बेरूजु कायम भएपछि फछ्र्योट गर्नेतर्फ भन्दा बेरूजु आउनै नदिनेतर्फ स्थानीय तहहरूको पर्याप्त ध्यान पुग्न आवश्यक देखिन्छ । यसका साथै, आर्थिक कारोबारमा वित्तीय जवाफदेहिता र पारदर्शितामार्फत मुलुकमा सुशासन कायम गर्नेतर्फ बेलैमा सजगता अपनाउन र जिम्मेवार बन्न पनि उत्तिकै जरूरी देखिन्छ ।

प्रेस काउन्सिलबाट 'क' वर्गको मान्यता प्राप्त
विकास खबरपत्रिका साप्ताहिक www.bikaskhabar.com
कार्यालय: थाहा-४ सम्पर्क नं. ९८०७१५३३००
२०७८ कात्तिक २९ गते सोमबार, 15 Nov. 2021, Monday
जि.प्र.का. मकवानपुर दर्ता नं. ५९/२०६५/०६६ म.जि.हु.दर्ता नं. २३/२०६६/०६७


# दैनिक कति कपसम्म चिया-कफी पिउँदा पिउने ?

चिया वा कफी सेवन नगर्ने मानिस शायदै भेटिएलान् । कसै-कसैलाई चिसो मौसममा चिया वा कफी नपिइकन जाँगर नै चल्दैन । तर ठिक्क मात्रामा चिया-कफी पिउँदा हुने फाइदा र अत्यधिक सेवन गर्दा हुने बेफाइदाबारे सबैलाई थाहा नहुन सक्छ ।

लामो समयदेखि कफी र चिया सेवनबाट हुने फाइदा/बेफाइदाबारे विभिन्न अध्ययन हुँदै आएका छन् । चीनका अनुसन्धानकर्ताले पनि हालसालै यस्तै खाले एक अनुसन्धान गरेका छन् । चीनको तियानजिन मेडिकल युनिभर्सिटीका अनुसन्धानकर्ताले गरेको उक्त अध्ययनले कफी र चिया पिउँदा मस्तिष्कघात र डिमेन्सियाको जोखिम कम हुने देखाएको छ ।

अनुसन्धानकर्ताले १० देखि १४ वर्ष लगाएर उक्त अध्ययन गरेका हुन् । अध्ययनमा ३ लाख ६० हजार मानिसलाई सहभागी गराइएको थियो । अध्ययनअनुसार दैनिक चिया वा कफी सेवन गर्दा मस्तिष्कघात र डिमेन्सिया (स्मरण शक्ति र तार्किक क्षमता कम हुने रोग) जोखिम कम हुन्छ ।

दिनमा कम्तिमा २ देखि ३ कप कफी, ३ देखि ५ कप चिया वा चिया र कपी दुवै गरी ४ देखि  ६ कप पिउने मानिसमा मस्तिष्कघात र डिमेन्सियाको जोखिम कम हुने अनुसन्धानकर्ताले बताएका छन् ।

'हाम्रो निष्कर्षले ठिक्क मात्रामा कफी र चिया दुवै वा कुनै एक मात्रै सेवन गर्दा मस्तिष्कघात र डिमेन्सियाको जोखिम घट्ने देखाउँछ,' अध्ययनमा संलग्न लेखकले बताए ।

चिया वा कफी मात्रै पिउँदा दुवै जोखिम कम हुन्छन् । तर दैनिक २ देखि ३ कप कफी वा चिया सेवन गर्दा सबैभन्दा प्रभावकारी हुने अध्ययनको ठहर छ । अध्ययनअनुसार दैनिक ३ कप कफी वा चिया पिउने मानिसमा डिमेन्सियाको जोखिम नपिउने मानिसमा भन्दा २८ प्रतिशत कम र मस्तिष्कघातको जोखिम ३२ प्रतिशतले कम हुन्छ ।

सन् २००६ देखि २०२० सम्मको अवधिमा बेलायतको यूके बायोबैंक नामक संस्थाद्रूवारा संकलित झण्डै ५ लाखले आफूखुशी दिएको विवरणका आधारमा उक्त अध्ययन गरिएको थियो । यस क्रममा कफी वा चिया सेवनबारे बताएका ५० देखि ७४ वर्षका मानिसको स्वास्थ्य अवस्था हेरिएको थियो ।

यसअघि गरिएका अनुसन्धानले समेत मस्तिष्कको स्वास्थ्यका लागि कफी फाइदाजनक हुने देखाउँछ । यसै वर्ष यूके बायोबैंकको तथ्याङ्कका आधारमा गरिएको एक अध्ययनले दैनिक बढीमा ३ कप कफी पिउँदा मुटुसम्बन्धी रोग, मस्तिष्कघात र असामयिक मृत्युको जोखिम कम हुने देखाउँछ । त्यस्तै, दैनिक ३ कप कफी सेवन गर्दा अल्जाइमरको जोखिम समेत कम हुन्छ ।

तर अत्यधिक कफी सेवन स्वास्थ्यका लागि फाइदाजनक हुँदैन । जुनमा न्युट्रिसनल न्युरोसाइन्समा प्रकाशित एक अध्ययनअनुसार दैनिक ६ कपभन्दा बढी कफी पिउने मानिसमा डिमेन्सियाको जोखिम बढ्छ र मस्तिष्कमा पनि हानि पुग्छ ।

# पिसाब पोल्छ ? यसो गर्नुहोस्

पिसाब गर्दा पोल्ने समस्या धेरै व्यक्तिलाई हुने समस्या हो। विशेष गरी महिलालाई यो समस्याले सताउँछ। कसैलाई त वर्षमा २-३ चोटी यो समस्याले सताउँछ। गर्भवती महिलालाई पनि यो समस्याले सताउँछ ।

जनेन्द्रीयको भित्री भाग योनीमा इकोली नामक कीटाणुहरू रहन्छन्। सामान्य अवस्थामा यी कीटाणुहरूले शरीरलाई कुनै पनि हानी पुर्याउँदैन । तर, यी कीटाणुहरू योनीबाट मूत्रनलीमा पुगे भने समस्या सुरु हुन्छ। यस्तो बेलामा पिसाब गर्दा एकदम पोल्ने हुन्छ। छिनछिनमा पिसाब लागेजस्तो हुन्छ । तर, पिसाब गर्न जाँदा पिसाब आउँदैन । धेरै जसो महिलाहरूले धेरै पानी वा झोल पदार्थ पिएमा धेरै चोटी शौचालय जानुपर्छ भनेर पानी पिउन डराउँछन् । यही डर नै कतिपय अवस्थामा रोगको कारण बन्छ। पिसाब पोल्नेबित्तिकै पानी पिउन सुरू गर्नुपर्छ। मूत्राशयमा पिसाब जम्मा भएपछि त्यसमा इकोली (एक प्रकारको व्याक्टेरिया) रहन्छ । यदि समयमा पिसाब गरिएन भने इकोलीको संख्या बढ्दै जान्छ। हरेक २० मिनेटमा इकोलीको संख्या दोब्बर हुन्छ । धेरैजसो महिलाहरू पानी बढी पियो भने धेरै पिसाब फेर्न जानुपर्ने र यसो गर्दा धेरै पटक पिसाब पोल्छ भनेर पेय पदार्थ कम पिउँछन्। यसले गर्दा झन् बढी समस्या पर्छ। यस्तो बेलाामा झन् पानी पिएर सकेसम्म इकोलीलाई बगाउनु पर्छ ।

पिसाब पोलेको बेला जति पानी पियो उति छिटो पोल्ने समस्या हराउँछ ।

## थाहा नगरका जनप्रतिनिधिको सम्पर्क नम्बर

| | | |
|---|---|---|
| थाहा प्रमुख | लवशेर विष्ट | ९८५५०६७६९२ |
| थाहा उपप्रमुख | खड्ग बहादुर गोपाली | ९८५५०६७०४५ |
| १ नं. वडाध्यक्ष | हेरमान गोपाली | ९८५५०८९३०१ |
| २ नं. वडाध्यक्ष | गुप्तबहादुर कार्की | ९८५५०८९३०२ |
| ३ नं. वडाध्यक्ष | राजेश के.सी. | ९८५५०८९३०३ |
| ४ नं. वडाध्यक्ष | दिपक सिं लामा | ९८५५०८९३०४ |
| ५ नं. वडाध्यक्ष | विष्णुबहादुर गुरुङ | ९८५५०८९३०५ |
| ६ नं. वडाध्यक्ष | शशीधर सुवेदी | ९८५५०८९३०६ |
| ७ नं. वडाध्यक्ष | सनमसिं मुक्तान | ९८५५०८९३०७ |
| ८ नं. वडाध्यक्ष | टिकाराम रुम्बा | ९८५५०८९३०८ |
| ९ नं. वडाध्यक्ष | परशुराम श्रेष्ठ | ९८५५०८९३०९ |
| १० नं. वडाध्यक्ष | हिराबहादुर गमाल | ९८५५०८९३१० |
| ११ नं. वडाध्यक्ष | किरणमान बल | ९८५५०८९३११ |
| १२ नं. वडाध्यक्ष | मानबहादुर स्याङ्तान | ९८५५०८९३१२ |

# जाडोमा कोठा न्यानो बनाउँदा ज्यान समेत जान सक्छ !



गत वर्ष हिउँदमा काठमाडौंको कलंकीस्थित खड्का गाउँका ८४ वर्षीय एक पुरूषको आगलागीबाट मृत्यु भयो । कोठामा हिटर बालेर सुतेका ती पुरूषको निदाएकै अवस्थामा ओछ्यानमा आगो सल्किएपछि घटनास्थलमै मृत्यु भएको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणले जनाएको छ ।

अघिल्लो वर्ष नै जाडो मौसममा उपत्यका बाहिर पनि आगलागी र निसासिएर मृत्यु भएका धेरै घटना सार्वजनिक भएका छन् । कैलालीको धनगढीस्थित भन्सार रोडकी एक महिलाको घरभित्रै आगो ताप्ने क्रममा कपडामा आगो सल्किएर ज्यान गयो । गत वैशाखमा भक्तपुरमा झ्याल-ढोका थुनेर कोइला बाल्दा निसासिएर एक सुत्केरीको ज्यान गयो । यी त सार्वजनिक भएका घटना हुन् । दूर दराजमा यसरी निसासिएर ज्यान गएका कैयौं घटना समाचार बन्दैनन् ।

राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरणका अनुसार यस वर्ष अहिलेसम्म निसासिएर मृत्यु भएको कुनै घटना सरकारी निकायमा दर्ता भएको छैन । प्राधिकरणका प्रवक्ता डा. दिजन भट्टराईले अहिलेसम्म विद्युतीय उपकरण एवं आगो बाल्दा निसासिएर वा आगलागी भएर ज्यान गुमाएको भन्ने सूचना प्राधिकरणलाई नआएको जानकारी दिए ।

तर जाडोमा चिसोबाट बच्न हिटर वा कोइला बाल्दा गरिने सामान्य गल्तीले हरेक वर्ष दर्जनौंको ज्यान जाने गरेको तथ्यांकले देखाएको छ । हरेक वर्ष चिसो मौसममा निसासिएर ज्यान जानेको यकिन संख्या सरकारी निकायसँगै छैन । यसरी मृत्यु हुने घटनालाई पनि आगलागी शीर्षकमा राख्ने भएकाले एक वर्षमा निसासिएर कतिको ज्यान गयो भन्ने यकिन तथ्यांक नरहेको राष्ट्रिय विपद् जोखिम न्यूनीकरण तथा व्यवस्थापन प्राधिकरण र गृह मन्त्रालय अन्तर्गतको आपतकालीन कार्यसञ्चालन केन्द्रले जनाएको छ ।

आर्थिक वर्ष २०७४/७५ मा सार्वजनिक भएका ६ घटनामा ७ जनाको निसासिएर मृत्यु भयो भने ६ जना घाइते भए । त्यस्तै, २०७५/७६ मा रेकर्ड भएका ६ घटनामा १० जनाले निसासिएर ज्यान गुमाए भने ६ जना घाइते भए । २०७६/७७ मा भएका कुल ८ घटनामा १४ जनाको ज्यान गयो भने ५ जना घाइते भएका छन् । २०७३ को पुस पहिलो सातामै काठमाडौं उपत्यकामा मात्रै ११ जनाले निसासिएर ज्यान गुमाएको घटना सार्वजनिक भएको थियो । यी सबै घटनाहरूले चिसो मौसममा झ्याल ढोका थुनेर आगो ताप्ने र आगो बालेर त्यसै निदाउँदा निसासिने वा आगलागीमा पर्ने गरेको देखाएको छ ।

प्राधिकरणका प्रवक्ता डा. भट्टराई विशेषगरी तराई भेगमा निसासिएर मृत्यु हुने र आगलागीबाट ज्यान जानेको संख्या बढी हुने गरेको बताउँछन् । 'विशेषगरी तराईतिर जाडोबाट बच्न झ्याल/ढोका थुनेर आगो बाल्ने चलन देखिन्छ । जसले एकातिर निसासिने सम्भावना बढी देखाउँछ भने आगो ननिभाई निदाउने हुँदा आगलागीको जोखिम पनि उस्तै बढ्ने गरेको पाइन्छ,' उनले भने ।

लापरबाही गर्दा झुप्रा र साना घरमा मात्रै होइन, राम्रा होटलमा पनि हरेक वर्ष निसासिएर ज्यान जाने गरेको भट्टराई बताउँछन् ।

### जाडोमा किन निसासिन्छ मान्छे ?

चिसोमा निसासिएर मृत्यु हुने अधिकांशमा कार्बनमोनोअक्साइडको असर पर्ने गरेको चिकित्सकहरू बताउँछन् । त्रिभुवन विश्वविद्यालय शिक्षण अस्पताल महाराजगञ्जका सहप्राध्यापक एवं वरिष्ठ छाती रोग विशेषज्ञ डाक्टर निरज बम जाडो मौसममा चिसोबाट बच्नका लागि भेन्टिलेसन नखोली आगो, गिजर, हिटरजस्ता मेसिनहरू चलाउँदा यसले अक्सिजन सोस्ने र कार्बन मोनोअक्साइड जस्ता हानिकारक ग्यास प्रवाह गर्ने गर्छ । कोइला, मकलजस्ता प्रत्यक्ष धुवाँ आउने प्रविधि एवं हिटर, गिजरजस्ता विद्युतीय प्रविधिले पनि शरीरमा रहेको अक्सिजन सोस्ने गर्छ । यसले शरीरको कोषमा हुने अक्सिजनलाई सोसेर कार्बन मोनोअक्साइड प्रतिस्थापन गराइदिन्छ ।

यो हानिकारक ग्यासले मान्छेमा वान्ता हुने, मुटुको धड्कन असामान्य हुने एवं मस्तिष्कमा असर गर्नेजस्ता लक्षणहरू देखिन्छ । तर सुतेको बेलामा मान्छेले यस्तो लक्षण महसुस गर्न नसक्ने भएकोले मुटुको धड्कन रोकिएर मान्छेको ज्यान जाने गर्छ । यसैलाई हामीले निसासिएर मृत्यु भएको भन्छौं ।

### यसबाट बच्न के गर्ने ?

यस्तो जोखिमबाट बच्नको लागि एउटै उपाय हो, सुत्नेबेलामा सावधानी अपनाउनु । धेरैजसो व्यक्तिलाई सुत्ने वा नुहाउने बेलामा यस्तो समस्या हुने गरेको डा. बम बताउँछन् । यसको लागि सावधानी अपनाउनु नै एक मात्र बच्ने उपाय हो । यसको लागि भेन्टिलेसन खुला राख्ने, आगो ताप्दा नजिकै बसेर नताप्ने जस्ता सावधानी अपनाउनुपर्ने चिकित्सकहरूको सुझाव छ ।



# करोडौंका सवारीसाधन मूल्यांकन समिति बने पनि बिक्री हुन सकेनन्



◆ विकास संवाददाता

बागमती प्रदेशका मन्त्रालय तथा सरकारी कार्यालयहरूमा करोडौंको सवारीसाधन बेवारिसे अवस्थामा थन्किएका छन् । सम्बन्धित निकायले समयमै मर्मत तथा लिलाम नगर्दा ती सवारीसाधन बेवारिसे बनेका हुन्।

हेटौंडास्थित प्रदेश सरकारका मन्त्रालयहरू, जिल्लाका सरकारी कार्यालयहरू र प्रहरी कार्यालयमा सरकारी ढुकुटीमा जम्मा हुन सक्ने करोडौंको मूल्यको सवारीसाधन कबाडी अवस्थामा राखिएको हो । जिल्ला प्रहरी कार्यालय मकवानपुर र मातहतका कार्यालयमा नै सयौं यस्ता सवारीसाधन वर्षौंदेखि थुप्रिएका छन् । प्रदेश सरकार बनेको साढे ३ वर्षमै पनि मन्त्रालयहरूमा ठूलो परिमाणमा सरकारी नम्बर प्लेटका र त्यसबाहेकका महँगा सवारीसाधन प्रयोगविहीन छन्। कतिपय त सामान्य मर्मत गरेर प्रयोगमा ल्याउन सकिने भए पनि त्यसतर्फ ध्यान दिइएको छैन । स्थानीय तहहरूले मर्मतसम्भार गरेर सञ्चालन गर्ने भन्दै मागे पनि प्रदेश सरकारले दिएको छैन ।

प्रदेशको उद्योग, पर्यटन, वन तथा वातावरण मन्त्रालयमा ठूला सवारीसाधन खिया, माटो र झाडीले पुरिएका छन् । मन्त्रालय परिसरभित्र ट्र्याक्टरमा ल्याइएको काठसमेत नझारिकन वर्षौंदेखि यथास्थितिमा राखिएको छ। मन्त्रालयमा एक्स्काभेटर पनि बेवारिसे अवस्थामा छ। भौतिक पूर्वाधार विकास मन्त्रालयमा टोयोटा गाडी थन्किएको छ भने आर्थिक मामिला तथा योजना मन्त्रालय र मुख्यमन्त्री कार्यालयमा समेत ठूला गाडीहरू अलपत्र छन् । अन्य मन्त्रालयको अवस्था पनि उस्तै छ ।

जिल्लास्थित सरकारी कार्यालयहरूमा पनि सरकारी नम्बर प्लेटका र अन्य गरी सबै खालका सवारीसाधन त्यसै मिल्किएका छन्। सवारीसाधन लिलाम गर्ने मेकानिकल इन्जिनियरसहितको मूल्यांकन समिति बने पनि मूल्य निर्धारण गर्न समस्या हुने गरेको देखिन्छ। सवारी लिलाम गर्ने क्रममा सवारी किन्न इच्छुकसँग मूल्यमा समेत समस्या पर्ने गरेको जिल्ला अदालत मकवानपुरले जनाएको छ । पुराना सवारीसाधन भएकाले मर्मत गर्नुपर्ने र कर तिर्नुपर्ने हुन्छ । तर, उचित मूल्य कायम गर्न नसकिँदा सवारीसाधन अलपत्र अवस्थामा रहेको हो ।

जिल्लामा प्रहरी प्रमुखको कार्यालयदेखि साना चौकीसम्म सयौंको संख्यामा सवारीसाधन थन्किएर बसेको जिल्ला प्रहरी कार्यालय मकवानपुरका प्रहरी प्रवक्ता प्रहरी नायब उपरीक्षक जयश्वर रिमालले जानकारी दिए । प्रहरी कार्यालयमातहत कति संख्यामा सवारीसाधन छन् भनेर गणना नगरिए पनि सयौंको संख्यामा रहेको उनको भनाइ छ । तीमध्ये लागूऔषध ओसारपसार गरेका गाडीहरू ८० प्रतिशतभन्दा धेरै रहेको उनले बताए। मुद्दा चलेका अन्य सवारीसाधन ठाउँ नभएर आफ्नै कार्यालयको वरिपरि थन्किएको छ।

प्रहरी कार्यालयमा आइपुगेका अधिकांश सवारीसाधन कागजपत्र साथमा नभएका, मादक पदार्थ सेवन गरी चलाइएका, निषेधित क्षेत्रमा पार्क गरेका र सवारी नियम उल्लंघन गरेका हुन्छन्। 'लागूऔषध ओसारप्रसार, गम्भीर घटनामा संलग्न तथा चोरीका सवारीसाधन तत्काल फिर्ता गर्न कानुनले नदिँदा पनि प्रहरी कार्यालयमा सवारीसाधन थन्किएका हो।', रिजालले भने, 'यसरी नियन्त्रणमा लिइएका सवारीसाधन मुद्दाको अन्तिम किनारा नलाग्दासम्म प्रहरीकै नियन्त्रणमा रहने गर्छ।' प्रहरी कार्यालयमा भारतीय नम्बर प्लेटका सवारीसमेत छन् ।

# 'आधाभन्दा धेरै वित्तीय कारोबार बागमती प्रदेशमा'




◆ विकास संवाददाता

मुलुकभर सञ्चालनमा रहेको कुल वित्तीय कारोबारका आधाभन्दा बढी बागमती प्रदेशमै केन्द्रीत रहेको राष्ट्र बैंककै एक अध्ययन प्रतिवेदनले देखाएको छ । मुलुक संघियतामा गएसँगै वित्तीय कारोबार पनि विकेन्द्रीत गर्ने भनिएपनि व्यवहारमा अझै हुन नसकेको अध्ययनले औंल्याएको छ ।

राष्ट्र बैंकले १५ कात्तिकमा सार्वजनिक गरेको 'नेपालको संघिय संरचना अनुसार वित्तीय साधन परिचालनको स्थिति पहिचान' सम्बन्धी अध्ययनले यस्तो देखाएको हो । 'अध्ययनमा राष्ट्र बैंकबाट अनुमति प्राप्त क', ख' र ग' वर्गका बैंक तथा वित्तीय संस्थामा पहुँच तथा साधन परिचालन वाग्मती प्रदेशमा अधिकेन्द्रित रहेको देखाएको छ भने कर्णाली र सुदूरपश्चिम प्रदेशमा न्यून देखिएको छ,' प्रतिवेदनमा भनिएको छ, 'आर्थिक वर्ष २०७७/०७८ मा बैंक तथा वित्तीय संस्थाको कुल शाखा संख्यामध्ये सबैभन्दा बढी ९३४ प्रतिशत (बाग्मती प्रदेशमा र सबैभन्दा कम ९४ प्रतिशत) कर्णाली प्रदेशमा रहेको छ ।'

यस्तै, बैंक तथा वित्तीय संस्थाबाट परिचालन भएको कुल निक्षेपको ६८।१ प्रतिशत र कुल कर्जाको ५६।६ प्रतिशत बागमती प्रदेशमा रहेको प्रतिवेदनमा उल्लेख छ । कर्णाली प्रदेशमा निक्षेप परिचालन र कर्जा प्रवाह दुवै न्यून रहेको देखिएको छ ।

अध्ययनले मूलतः प्रदेशगत आधारमा वित्तीय संस्थाहरूको पहुँच, निक्षेप परिचालन र कर्जा प्रवाहको स्थिति विश्लेषण गरेको छ । यसबाहेक गरिब, विपन्न, बेरोजगार र महिलालगायतले सञ्चालन गरेका व्यवसाय प्रवर्द्धन गर्न कार्यान्वयनमा ल्याइएको सहुलियतपूर्ण कर्जा तथा पुनरकर्जा सुविधाको समेत प्रदेशगत विश्लेषण गरिएको छ । वित्तीय पहुँच र साधन परिचालनको विश्लेषणमा सम्पूर्ण बैंक तथा वित्तीय संस्था, गैर बैंकिङ वित्तीय संस्था र सहकारी संस्थाहरूसमेत समेटिने भएतापनि अध्ययन मूलतः वाणिज्य बैंक, विकास बैंक र वित्त कम्पनीको शाखा विस्तार र कारोबारमा केन्द्रित रहेको बताइएको छ । यस्तै, अन्य वर्गका वित्तीय संस्थाको तुलनामा लघुवित्त वित्तीय संस्थाको वित्तीय पहुँच तथा वित्तीय स्रोत परिचालन प्रदेशगत रूपमा बढी सन्तुलित देखिएको अध्ययनले देखाएको छ ।

'पछिल्ला वर्षहरूमा बाग्मती प्रदेशको तुलनामा अन्य प्रदेशमा साधन परिचालन क्रमिक रूपमा विस्तार भइरहेको अध्ययनले देखाएको छ,' प्रतिवेदनमा भनिएको छ, 'सहुलियतपूर्ण कर्जा र पुनर्कर्जाको पहुँच बाग्मतीबाहेकका प्रदेशहरूमा उत्साहजनक रूपमा बढेको छ ।' यस्तै, औद्योगिक उत्पादन, कृषि तथा अन्य प्राथमिकताप्राप्त क्षेत्र कर्जाको वितरण क्रमिक रूपमा सन्तुलित हुँदै गएको छ । तथापि, वित्तीय पहुँच न्यून रहेका प्रदेशहरूमा साधन परिचालन अभिवृद्धि गर्न माग पक्षमा सुधार गर्नुपर्ने अध्ययनले औंल्याएको छ ।

वित्तीय पहुँच अभिवृद्धि गर्दै भौगोलिक र प्रादेशिक आधारमा समेत वित्तीय संस्थाको उपस्थिति र साधन परिचालन प्रभावकारी बनाउने कार्य आफूहरूको प्राथमिकतामा रहेको राष्ट्र बैंकले दाबी गरेको छ ।

# बागमती प्रदेशमा विद्युतीय बस किन्ने निर्णय उल्टियो

◆ विकास संवाददाता

बागमती प्रदेश सरकारले चालु आर्थिक वर्षदेखि विद्युतीय बस सञ्चालनको घोषणा गरे पनि खरिद प्रक्रिया भने रोकेको छ। पूर्वाधारको तयारी नहुँदै 'कमिसन'को चक्करमा लागेर अघिल्लो सरकारले विद्युतीय बस सञ्चालन गर्न खोजेको भन्दै मुख्यमन्त्री राजेन्द्र पाण्डे नेतृत्वको सरकारले सम्पूर्ण प्रक्रिया तत्कालका लागि रोकेको हो।

'विद्युतीय बस राख्न मात्र खरिद गर्नुहुँदैन । किनेपछि सञ्चालन गर्नुपर्छ। आवश्यक भौतिक पूर्वाधार तथा कानुन निर्माण गरेरमात्र बस खरिद गर्छौं,' सरकारका प्रवक्ता एवम् आन्तरिक मामिला तथा कानुनमन्त्री कृष्ण शर्मा खनालले भने । उनले चालु आर्थिक वर्षमा बस खरिद गर्ने सम्भावना नरहेको बताए । डोरमणि पौडेल नेतृत्वको अघिल्लो सरकारले विद्युतीय बस सञ्चालनका लागि टेन्डर आह्वान गरेको थियो ।

त्यतिबेला हाल सत्ता गठबन्धनमा रहेका दलहरू माओवादी केन्द्र, कांग्रेस तथा जसपाका सांसदहरूले पूर्वाधार निर्माणबिना नै बस खरिद गर्न खोजेर सरकार कमिसनको चक्करमा फसेको आरोप लगाउँदै चार पटकसम्म सदन अवद्ध गरेका थिए । तत्कालीन प्रदेश सरकारले २०८५ सालभित्र प्रदेशका मुख्य सहरमा इन्धनबाट चल्ने सवारी विस्थापित गर्ने नीति अघि सारेको थियो ।

सोहीअनुसार विद्युतीय बस खरिदको विषयलाई प्राथमिकता दिइएको थियो । 'विद्युतीय बस खरिद प्रक्रिया रोक्नु भनेर निर्देशन आएको छ । तत्काल बस सञ्चालन गर्न आवश्यक भौतिक पूर्वाधार निर्माणमा केन्द्रित हुन मुख्यमन्त्रीबाट निर्देशन भएको छ,' भौतिक पूर्वाधार विकास मन्त्रालयका सचिव अशोककुमार साहले भने ।

चालु आर्थिक वर्षमा विद्युतीय बसका लागि ५० करोड पैयाँ विनियोजन भएको छ । सरकारले ३० वटा विद्युतीय बस खरिद गर्ने गरी ग्लोबल टेन्डर आह्वान गरे पनि तोकेअनुसारको दरमा टेन्डर नपरेपछि खरिद प्रक्रिया रोकिएको थियो । दोस्रो पटक पनि भौतिक पूर्वाधार मन्त्रालय टेन्डर आह्वानको तयारीमा पुगेको थियो । २० वटा काठमाडौं उपत्यकामा सञ्चालन गर्ने र १० वटा उपत्यकाबाहिर चल्ने गरी तयारी गरिएको मन्त्रालयले जनाएको छ ।

अघिल्लो प्रदेश सरकारले २०७९ जेठदेखि बस सञ्चालन गर्ने घोषणा गरेको थियो । आव २०७६/७७ मा नै विद्युतीय बस खरिदका लागि २८ करोड पैयाँ छुट्याइएको भए पनि खर्च गर्न नसक्दा फ्रिज भएको थियो ।

# अवैध काठसहित पक्राउ

हेटौंडा उपमहानगरपालिका वडा नम्बर–३ सरस्वती पाखाटोलबाट प्रहरीले एक सय ५ क्युफिट काठसहित एक जनालाई पक्राउ गरेको छ ।

मकवानपुर प्रहरीले १ सय ५ दशमलब ६६ क्यूफिट सालको चिरान काठसहित उमेश लामालाई पक्राउ गरेको छ ।

जिल्ला प्रहरी कार्यालय मकवानपुरबाट खटिएको प्रहरी टोलीले हेटौंडा–३ सरस्वती पाखा टोल बस्ने ३८ वर्षको उमेश लामाको बन्द रहेको भान्सा कोठाभित्र लुकाएर राखेको अवस्थामा सालको चिरान काठ फेला पारेको थियो ।

अब हाम्रै थाहानगरको ओखरबजारमै
छपाईको शुभारम्भ
फ्लेक्स प्रिन्ट
काठमाण्डौं, हेटौंडा धाउनै पर्दैन...
अत्याधुनिक नयाँ मेसीनद्वारा १ घण्टा भित्र बोर्ड,व्यानर तयार
AARAV creation
DESIGN FLEX PRINT PHOTOGRAPHY
Thaha-1, Okharbazar, 9855068340/9802068340
हाम्रा अन्य सेवाहरू
फ्लेक्स प्रिन्ट (व्यानर/साइनबोर्ड)
होडिङ बोर्ड/स्टिकर प्रिन्ट/
फ्लेक्स फोटो/मायाको चिनो तयारी
प्रमाण-पत्र/कदर-पत्र/प्रशंसा पत्र तयारी
कार्यक्रमको व्याच तयारी
विभिन्न डिजाइनका फ्रेमिङ
फोटो स्टुडियो/पि.भि.सी. कार्ड
9855068340/9802068340

# अर्थमन्त्रीको अभिव्यक्ति... .. .



रू. ३६ करोडबाट ठेक्का कायम गरी सो सडक निर्माण शुरू गरिएको थियो ।

सडकको थानकोट-चन्द्रागिरी खण्डको ठेक्कामा पटकपटक म्याद थप्दा पनि काम अगाडि बढ्न नसकेपछि गत वर्ष ११ साउनमा तत्कालीन प्रदेश सरकार भौतिक पूर्वाधार विकास मन्त्री रामेश्वर फुयालको उपस्थितिमा चित्लाङमा वृहत जनसहभागितामा छलफल गरी सरोकार समिति गठन गरिएको थियो । प्रदेश सभाका साँसद रमा आलेमगरको संयोजकत्वमा गठित समितिको सहजीकरणमा अहिले सडक निर्माणको कामले तीव्रता लिइरहेको छ । अभियानको अगुवाइ संविधान सभा सदस्य सुभाषचन्द्र ठकुरीले गरिरहेका छन् ।

सरोकार समितिका अनुसार अर्थमन्त्री शर्माको भनाइ यसकारण पनि पूर्वाग्रही छ कि यदि 'ढुङ्गाको व्यापार' गरेको छ भने त्यो सरकारले नै गरेको छ । यसको लिलाम विक्रीको ठेक्का तत्कालीन जिल्ला वन कार्यालयले लगाएको छ र त्यसवापत ठेकेदार कम्पनीको तर्फबाट ठेकेदार सनकसिं राईले रू. ८५ लाख सरकारलाई धरौटी नै बुझाएका छन् । ढुङ्गा पैठारीको क्रममा सरकारी करको अतिरिक्त स्थानीय समुदायले प्रति टिपर रू. १५०० र चन्द्रागिरी नगरपालिकाले रू. ५००० बुझ्ने गर्दछन् । सरोकार समितिले विज्ञप्तीमै भनेको छ -'अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत अन्य निकायहरूमा परेको उजुरी र ती निकायहरूबाट प्राप्त स्वीकृती र सहमति बमोजिम नेपालको कानुन र नियमानुसार लिलाम स्वीकृत भई राजश्व लिई/बुझाई स्थानीय कर, भ्याट र स्थानीय समुदायसँगको शुल्कसमेत लिई/बुझाई गरिएको कानुनबमोजिमको ढुङ्गा व्यवस्थापन ।' यस तथ्यबाट यदि चित्लाङ-चन्द्रागिरी-थानकोट सडक निर्माणमा कसैले ढुङ्गा व्यापार गरेको छ भने त्यो शर्मा अर्थमन्त्री रहेको सरकारले नै गरेको सडक समितिको ठहर रहेको हो ।

सो सडक निर्माणको लागि विस्तृत परियोजना प्रतिवेदन अनुसार ठेक्कामा लगाइ कार्यान्वयन भइरहेको बेला ढुङ्गाकै कारण निर्माण अवरूद्ध भएको थियो । सडक निर्माणको क्रममा धरातलअनुसार ढुङ्गा त स्वभाविक रूपमा निस्क्यो, यसरी निस्किएको ढुङ्गा के गर्ने भन्ने सम्झौतामा थिएन । सबै ढुङ्गा सडकमा सडकमा प्रयोग हुने अवस्था पनि थिएन । जब निस्किएका ढुङ्गाहरू रातारात चोरी निकासी हुन थाले र उजुरी पर्‍यो, तब तत्कालीन जिल्ला वन कार्यालयको ध्यानाकृष्ट भयो । सो विषयलाई अख्तियार दुरूपयोग अनुसन्धान आयोगको कार्यालय, महानगरीय प्रहरी वृत्त, महान्याधिवक्ताको कार्यालय लगायतले स्वीकृति दियो र लिलाम विक्रीको प्रक्रिया अघि बढ्यो । सरोकार समितिले विज्ञप्तीमै भनेको छ - 'सो सडक निर्माणको क्रममा निस्किएको ढुङ्गा चोरी-निकासी भइरहेको सन्दर्भमा तत्कालीन जिल्ला वन कार्यालयबाट चोरी निकासी रोक्न, वन/वातावरण जोगाउन र नियमन गरी ढुङ्गाको बैज्ञानिक व्यवस्थापन गर्न लिलाम विक्री गर्नेगरी भएको निर्णय र सो निर्णय कार्यान्वयन सम्बन्धमा अख्तियार दुरूपयोग अनुसन्धान आयोग लगायत अन्य निकायहरूमा परेको उजुरी र ती निकायहरूबाट प्राप्त स्वीकृती र सहमति ।'

अहिले अर्थमन्त्री जनार्दन शर्माले दिएको अभिव्यक्तिले वन कार्यालयसँग सम्झौता गरी ठेक्का लिएको ठेकेदार स्टकमा रहेको रू. ६० लाख भन्दा बढीको ढुङ्गा के हुन्छ भन्ने अन्यौलमा देखिएका छन् । सडक सरोकार समितिका अनुसार रू. ८५ लाख धरौटी राखेर र सबै प्रकारका राजश्व तिरेर कानुनबमोजिम विक्री गर्दै आएका ठेकेदारले स्टक र बाँकी निस्किने ढुङ्गा विक्री गर्न पाएनन् भने सरकारविरूद्ध सर्वोच्चमा मुद्दा हाल्नेछन् । यदि मुद्दा पर्‍यो भने यसको टुङ्गो लाग्न वर्षौं लाग्नेछ र बाटो बन्न सम्भव छैन । त्यसैले 'सडक बन्न नदिने षडयन्त्रस्वरूप अर्थमन्त्रीको अभिव्यक्ति आएको' सडक सरोकार समितिको बुझाइ छ ।

यसअघि पनि किराँतेश्वर कन्स्ट्रक्सन एण्ड ड्रिलिङ कम्पनी प्रालिका सञ्चालक सनक सिं राइले ढुङ्गा उठाउन नदिएको विषयमा सर्वोच्च अदालतमा मुद्दा दायर गरेका थिए । मुद्दा प्रक्रियामा गएको र किनारा नलागी सडक निर्माण अघि नबढ्ने भएपछि स्थानीय सरोकारवालाको बैठकले सरोकार समिति गठन गरेर थप सहजीकरण गर्ने भन्दै राईलाई मुद्दा फिर्ता लिन लगाएको थियो । मुद्दा फिर्ता भएर सरोकार समितिले वन कार्यालय, चन्द्रागिरी नगर कार्यपालिका, सडक विभाग, स्थानीय समुदाय, क्लब लगायतसँग संवाद र सहजीकरण गरेर काम अघि बढाएको थियो ।

सो एक वर्षको अवधिमा थानकोटबाट २५०० मिटरदेखि ८२५० मिटरसम्मको सडकको 'ट्र्याक क्लियर' भइसकेको छ । यो खण्डको पानीघाट घुम्तीमा रेडियस र ग्रेड मिलाउने कामबाट अघि बढेको समितिले ३१६० मिटर सडकमा मेशिनरी वाल उठाउने, ३४२० मिटर सडकसम्म डाउन गर्ने, ३५८० मिटर सडकसम्म २ मिटर माटो भर्ने, ३७८० मिटरसम्म ढिस्को काट्ने, पहिरो हटाउने, खोल्छीको मोडलाई २५ मिटरको रेडियसमा घुमाउने लगायतको काम भएका छन् । त्यस्तै डोजर झरेको मोडमा रक कटिङ गर्नेदेखि कतिपय मोडलाई ३० मिटरसम्म पर धकेलिएको छ भने सेतो पहरालाई समेत छिचोल्न सफल भएको छ ।

त्यस्तै अँधेरी खोल्छामा 'रक कटिङ' गरेर उजेली खोल्छा बनाइएको छ भने ३ वटा अप्ठ्यारा घुम्तीहरूलाई 'क्यान्सिल' गरिएको छ । ७९०० मिटर सडकमा २२ मिटर अगाडि अर्को मोड बनाएर ढिस्को कटिङ गरेर नमुना प्राकृतिक वालसमेत निर्माण गरिएको छ ।

अब छाप्रोमाथिको खोल्छीको मोड सुधार गर्नुपर्ने, थुप्रेको माटो फाल्नुपर्ने, डोजर झरेको मोडमा ३ मिटर बाहिर आउनेगरी वाल लगाउनुपर्ने, सबै ठाउँमा १० मिटर हुनेगरी चौडा बनाउनुपर्ने, पश्चिम ६ किलोमिटरको मोडमा ३ मिटर बाहिर वाल लगाउनुपर्ने, अधेरी खोल्छीको बाटो फराकिलो बनाउनुपर्ने, राम्चेको जेड कटिङसम्मको सिङ्गल बाटोलाई डबल बनाउनुपर्ने लगायतका काम बाँकी छन् ।

अहिले 'ढुङ्गाको व्यापार' भन्दै सडक निर्माणको काम रोकिए थाहा, कैलाश, इन्द्रसरोबर लगायतका पालिका र सो छोटोदुरीको मार्ग भएर सुविधा लिनसक्ने तराईसम्मका जनतालाई समस्या हुने सडक निर्माण सरोकार समितिले ठहर गरेको छ । यसबारे अर्थमन्त्री शर्माको अभिव्यक्तिका सन्दर्भमा विज्ञप्तीमा स्पष्टरूपमा भनिएको छ -'इतिहासमा पहिलोपटक गाडी बोकेर काठमाण्डौं उपत्यका प्रवेश भएको (एक ऐतिहासिक मार्ग जसले थाहा नगरपालिका, इन्द्रसरोबर गाउँपालिका र कैलाश गाउँपालिकाहरूको विकास र समृद्धिको मूल ढोकाको रूपमा तथा चित्लाङ हुँदै हेटौंडाबाट तराइका सदरमुकामलाई जोड्ने) छोटो दुरीको मार्गको प्रगति र कामलाई अवरूद्ध गर्ने नियत । '

सडक सरोकार समितिले अर्थमन्त्री शर्माको अभिव्यक्ति 'खेदजनक' भन्दै उक्त अभिव्यक्ति सच्याउन, सम्पन्न हुन लागेको काममा सहयोग पुर्‍याउन र सो वहुवर्षीय सडक योजना नियमित हुन दिन आग्रह गरेको छ । विकास र समृद्धि चाहने र अनवरत निर्माण कार्यमा खटिनेहरूलाई निरन्तर सहयोगको लागिसमेत समितिले अपिल गरेको छ ।

## सभापतिका पाँच आकांक्षी

# गोपालीले भने-'भारी मतले जित्छु'




◆ विकास संवाददाता

नेपाली काँग्रेसको मकवानपुर-२(क) निर्वाचन क्षेत्रीय समितिको निर्वाचनमा सभापति पदका लागि कम्तिमा पाँच जना आकांक्षी भएका छन् । अहिलेसम्मको तयारी हेर्दा प्रदेश निर्वाचन क्षेत्रअन्तर्गत मकवानपुर-२(क) मा काँग्रेसका पाँचजना सभापतिको उमेदवार देखिएका हुन् ।

काँग्रेसका वर्तमान क्षेत्रीय सभापति सुजन गोपाली, निवर्तमान नगर सभापति योगेन्द्रमान श्रेष्ठ, इन्द्रसरोबर गाउँपालिका तरूण दल सभापति सुमन श्रेष्ठ, मकवानपुर-२ क्षेत्रीय सचिब ओमबहादुर बस्नेत र जिल्ला सदस्य खड्गबहादुर गोपालीले क्षेत्रीय सभापतिका लागि आआफ्नो प्रचार शुरू गरेका छन् ।

आगामी ३ मंसिरमा काँग्रेसको क्षेत्रीय समितिका लागि निर्वाचन हुँदैछ । जेसीज सभाहलमा आयोजना हुने कार्यक्रममा मकवानपुर-२(क) का पाँच सय बढी क्षेत्रीय प्रतिनिधिहरू सहभागी हुनेछन् ।

यसैबीच विकास खबरपत्रिकासंगको कुराकानीमा आकांक्षी मध्येका खड्ग गोपालीले माहोल आफ्नो पक्षमा रहेको प्रतिक्रिया दिए । उनले भने-'*म उमेद्वारी नै दिन्न, दिएपछि जित्छु जित्छु* ।' थाहा नगरपालिकाका नगर उपप्रमुख समेत रहेका गोपाली नेपाली काँग्रेस मकवानपुरका जिल्ला सदस्य हुन् । आफू क्षेत्रीय सभापतिमा निर्वाचित भएपश्चात् पार्टी सुदृढिकरण र पाटीको एजेण्डामा अडिग भएर काम गर्ने गोपालीले सुनाए ।

# मूल्य वृद्धिको विरूद्ध सडकमा उत्रियो थाहानगर युवा संघ




◆ विकास संवाददाता

नेकपा एमालेको भातृ संगठन राष्ट्रिय युवा संघ नेपाल थाहा नगर कमटीले पेट्रोलियम पदार्थमा भएको मूल्य वृद्धिको विरोध गरेको छ ।

सो कमिटीले २८ कात्तिकमा थाहानगरको थानाबजारदेखि शिखरकोटसम्म पैदल हिँडेर मूल्य वृद्धिको विरोध गरेको हो । युवा संघ नगर अध्यक्ष प्रदिप भट्टको नेतृत्वमा युवाहरूले थानाबजार र शिखरकोटमा कोण सभासमेत गरेको थियो । सरकारले पेट्रोलियम पदार्थमा गरेको मूल्य वृद्धिविरूद्ध ब्यानरसहित युवाहरू थानाबजारबाट अघि बढेका थिए ।

युवाहरूले पेट्रोलियम पदार्थको मूल्य वृद्धि खारेज गर, जन अधिकार नखोस, गठबन्धन सरकारको उपहार-महंगी र अत्याचार, नेकपा एमाले जिन्दावाद लगायत नारा लगाएका थिए ।

कोण सभालाई युवा संघ जिल्ला सचिवालय सदस्य सुजन कार्की र नगर अध्यक्ष भट्टले सम्बोधन गरेको नगर सचिव सुमन रायमाझीले जानकारी दिए ।




समयमै व्यक्तिगत घटना दर्ता गरौं ।
थाहा नगरपालिका
इन्द्रायणी चौर, मकवानपुर
पञ्जीकरण शाखा
जन्म दर्ता बालबालिकाको नैसर्गिक अधिकार हो । जन्मेको ३५ दिन भित्रै आफ्नो स्थानीय तहमा गई दर्ता गरौं । जन्म र मृत्यु दर्ताको सूचना परिवारको मुख्य व्यक्तिले र निजको अनुपस्थितिमा परिवारको उमेर पुगेको व्यक्तिले सूचना दिन सक्छन् । जन्म, मृत्यु, बसाई सराई, विवाह एवं सम्बन्ध विच्छेदका घटना दर्ता गर्नु नागरिकको कर्तव्य हो । बसाई सराई गर्दा व्यक्ति आफू मात्र बसाई सरी गए व्यक्तिले र परिवार नै बसाई सरी गए परिवारको मुख्य व्यक्तिले दर्ता गर्नु पर्छ ।

## राष्ट्रिय जनगणना २०७८
## मेरो गणना-मेरो सहभागिता

- जनगणनामा तथ्याङ्क संकलन गर्दा घरधनीको मात्र होइन, घरभाडामा बस्ने व्यक्तिहरुले हाल बसोबास गरकै ठाउँबाट विवरण दिनूपर्दछ ।
- आफ्नो सत्य तथ्य विवरण ढुक्क भई दिऔं ।
- तथ्याङ्क ऐन, २०१५ ले कसैको पनि व्यक्तिगत विवरण देखिने गरी सार्वजनिक गर्न बन्देज गरेकोले केन्द्रीय तथ्याङ्क विभागले सबै विवरण गोप्य राख्नेछ ।

*गणना गर्ने अवधि:*
*कात्तिक २५ गतेदेखि मंसिर ९ गतेसम्म*

नेपाल सरकार
**विज्ञापन बोर्ड**


*उपभोग्य वस्तु खरिद गर्दा*
*उपभोग्य मिति*
*हेरेर मात्र खरिद गरौं ।*

- विकास खबरपत्रिका


थाहा नगरपालिका
नगर कार्यपालिका कार्यालय
इन्द्रायणी चौर, मकवानपुर

## मेरो गणना मेरो सहभागिता
### राष्ट्रिय जनगणना २०७८

मेरो गणना मेरो सहभागिता
राष्ट्रिय जनगणना २०७८

### जनगणनाबाट के कस्ता तथ्याङ्क उपलब्ध हुन्छन् त ?

- नेपालको कुन कुन क्षेत्र तथा भू-भागमा के कति मानिस बसोबास गर्छन् ?
- उनीहरूमध्ये महिला, पुरुष, अन्य लिङ्गी, बालबालिका, काम गर्ने उमेर समूह र बृद्धबृद्धाको संख्या कति छ ?
- उनीहरूको बासस्थान कस्तो छ ?
- उनीहरूले के-कस्ता सुविधा पाउँछन् ?
- मानिसहरू के कस्ता पेशा ब्यवसाय गर्छन् ?
- रोजगारीको अवस्था कस्तो छ ?
- विभिन्न स्थानमा कुन-कुन जातजाति, भाषिक समूह र धर्मावलम्बीको बसोबास रहेको छ ?
- उनीहरूको शिक्षा र साक्षरताको अवस्था कस्तो छ ?
- बसाई सराईको अवस्था कस्तो छ ?
- जन्म र मृत्युको अवस्था कस्तो छ ?
- शारीरिक तथा मानसिक अपाङ्गता भएका व्यक्तिको संख्या कति छ ?
- कति मानिस विदेश गएका छन् ? जस्ता थुप्रै जनसांख्यिक, सामाजिक र आर्थिक गतिविधिसम्बन्धी तथ्याङ्क जनगणनामार्फत संकलन गरिन्छ ।

**मूल गणना : २०७८ कार्तिक २५ देखि मंसिर ९ गते**


## NOVEL CORONA VIRUS (nCOV)
### सर्वसाधारणका लागि जनचेतनामुलक संदेश

### नोवेलकोरोनाभाइरसका मुख्य लक्षणहरू


ज्वरो
*(१००.४ °F भन्दा माथि)*


श्वास प्रश्वासमा अत्याधिक समस्या


रुघा र खोकी

*"कोरोना भाइरस प्रभावित देशहरूबाट आउने मानिसहरूमा दुई हप्ता भित्र रुघाखोकी लागेमा, ज्वरो आएमा, घाँटी/टाउको दुखेमा, श्वासप्रश्वासमा आत्याधिक समस्या भएमा तुरुन्त नजिकको स्वास्थ्य संस्थामा सम्पर्क गर्ने ।"*

### नोवेल कोरोनाभाइरसबाट कसरी आफू र अरूलाई बचाउने?

नियमित रूपमा साबुन-पानीले हात धुने


खोक्दा र हाछ्युं गर्दा नाक र मुख छोप्ने


यदि फ्लू जस्तो लक्षण (Flu-like symptoms) देखिएमा चिकित्सकसँग परामर्श लिने


फ्लू जस्तो लक्षण देखाउने जो कोहीको सम्पर्कबाट टाढा रहने


जंगली तथा घरेलु पशुपन्छी हरूसँग असुरक्षित सम्पर्कबाट टाढा रहने


पशुजन्य मासु/अन्डा राम्रोसंग पाकेको मात्र खाने


**नोवेल कोरोना भाइरस भनेको के हो ?**
यो नयाँ प्रजातिको भाइरस हो जुन मानव जातिमा पहिले पहिचान भएको थिएन। यस भाइरसले मानिस र पशुहरूमा संक्रमण गर्दछ । यस भाइरसले सामान्य रुघा खोकी देखि गम्भीर प्रकारको तीव्र श्वासप्रश्वास Severe Acute Respiratory Syndrome (SARS) सम्म गराउन सक्दछ ।

**के मानिसमा जनावरहरूबाट नोवेल कोरोना भाइरस संक्रमित हुन सक्दछ?**
नोवेल कोरोना भाइरस जनावरबाट मानिसमा संक्रमित भएको कुनै बैज्ञानिक आधार हाल छैन।

**के नोवेल कोरोना भाइरस र SARS एउटै हुन् ?**
सन् २००३ मा देखिएको SARS र नोवेल कोरोना भाइरस एउटै प्रजातिका भाइरस हुन्। दुवै भाइरसले बिरामीलाई गम्भीर बनाउन सक्दछन्। सबैभन्दा महत्त्वपूर्ण कुरा, नोवेल कोरोना भाइरस मानिसहरू बीच सजिलै सर्न सक्दछ भनेर अझै पुष्टी भएको छैन।

**मानिस कसरी यो भाइरसबाट संक्रमित हुन सक्छ ?**
मानिस कसरी यो भाइरसबाट संक्रमित भएका छन् भन्ने बारेमा आज सम्म बैज्ञानिक तवरले पुष्टी भएको छैन। हाल यस बिषयमा अनुसन्धान भइरहेको छ।

**के यो एक व्यक्तिबाट अर्को व्यक्तिमा सर्न सक्दछ ?**
अहिले निश्चितताका साथ भन्न सकिने अवस्था छैन। एउटै परिवारका सदस्यहरू बिरामी भएको पाइएकोले, मानव-मानव बीचमा सिमित तवरले सर्ने सम्भावना रहेको अनुमान गरिएको छ। साथै, परिवारका सदस्यहरू एकै स्रोतबाट संक्रमण भएको हुन सक्ने सम्भावना पनि रहेको छ।

**यस भाइरसको संक्रमणबाट कसरी बच्न सकिन्छ ?**
सामान्यतः यस भाइरसको संक्रमण कसरी हुन्छ भन्ने बारेमा एकिन जानकारी छैन। तथापि रुघा, खोकी तथा श्वास प्रश्वासका बिरामीको नजिक नजाने तथा हातको सरसफाई नियमित गरेमा संक्रमणको सम्भावना कम रहन्छ।

**के कोरोना भाइरसको लागि उपचार छ ?**
नोवेल कोरोनाभाइरसले गर्दा हुने रोगको लागि कुनै खास उपचार छैन। यद्यपि यो भाइरसले निम्त्याएका धेरै लक्षणहरूको उपचार गर्न सकिन्छ, त्यसैले बिरामीको उपचार लक्षणको आधारमा गरिन्छ। साथै यस भाइरसको विरुद्ध हाललाई कुनै खोप उपलब्ध छैन।

**थाहा नगरपालिका**
**नगर कार्यपालिका कार्यालय, स्वास्थ्य शाखा, इन्द्रायणी चौर, मकवानपुर**

● दिगो विकास मल्टिमिडिया (प्रा.) लि.द्वारा प्रकाशित ● मुद्रण : श्रीया अफसेट प्रेस हेटौंडा ● कार्यालय : थाहा-४, मकवानपुर ● इमेलः bikaskhabar@gmail.com ● सम्पादक : कुमार नेगी